# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ४०) काठमाडौं, साउन २२ गते २०४७ साल (संख्या १७

## भाग ३

श्री ५ को सरकार

### गृह मन्त्रालयको सूचना

**प्रहरी प्राविधिक नियमावली, २०४७**

प्रहरी ऐन, २०१२ को दफा ३९ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायका नियमहरू बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः

१.१ यो नियमहरूको नाम "प्रहरी प्राविधिक नियमावली, २०४७" रहेको छ ।

१.२ यो नियमावली तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा :

२.१ विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस नियमावलीमा,–

२.१.१ "प्रहरी प्राविधिक समूह" भन्नाले प्रहरी प्राविधिक समूहमा काम गर्ने प्रहरी कर्मचारीहरूको समूह सम्झनुपर्छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२.१.२ "अख्तियारवाला" भन्नाले उप-नियम ५.३ मा उल्लेखित नियुक्ति गर्ने अधिकारी सम्झनुपर्छ ।

३. प्रहरी प्राविधिक उप-समूह : प्रहरी प्राविधिक समूह अन्तर्गत रहने उप-समूह-हरूको अनुसूचीमा तोकिएबमोजिम हुनेछन् ।

४. श्रेणी र पद :

४.१ प्रहरी प्राविधिक समहमा देहायका श्रेणीहरू रहनेछन्:–

४.१.१ राजपत्राङ्कित श्रेणी ।

४.१.२ राजपत्र अनङ्कित श्रेणी ।

४.२ राजपत्राङ्कित श्रेणीमा निम्नलिखित पदहरू रहनेछन्:–

४.२.१ प्रथम श्रेणी – (क) प्रहरी नायव महानिरीक्षक
(ख) प्रहरी वरिष्ठ उपरीक्षक

४.२.२ द्वितीय श्रेणी – (क) प्रहरी उपरीक्षक
(ख) प्रहरी नायव उपरीक्षक

४.२.३ तृतीय श्रेणी – प्रहरी निरीक्षक

४.३ राजपत्र अनङ्कित श्रेणीमा निम्नलिखित पदहरू रहनेछन्:–

४.३.१ प्रथम श्रेणी – प्रहरी नायव निरीक्षक

४.३.२ द्वितीय श्रेणी – प्रहरी सहायक निरीक्षक

४.३.३ तृतीय श्रेणी – प्रहरी हवल्दार

४.३.४ चतुर्थ श्रेणी – प्रहरी जवान

५. शुरू नियुक्ति हुने पद :

५.१ प्रहरी प्राविधिक समूहमा देहायका पदहरूको पूर्ति श्री ५ को सरकारबाट तोकिदिएबमोजिम नयाँ नियुक्ति वा बढुवाद्वारा हुनेछ तर अरू पदहरूको पूर्ति बढुवाद्वारा हुनेछ ।

५.१.१ प्रहरी निरीक्षक

५.१.२ प्रहरी नायव निरीक्षक



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

५.१.३ प्रहरी सहायक निरीक्षक

५.१.४ प्रहरी हवल्दार

५.१.५ प्रहरी जवान

५.२ उप-दफा ५.१ मा जुनसुकै कुरा लेखिएको भए तापनि अख्तियारवालाले मनासिब देखेमा प्रहरी नायब उपरीक्षक पद नयाँ नियुक्तिद्वारा पूर्ति गर्न सक्नेछ ।

६. नियुक्ति गर्ने अधिकारी :

६.१ प्रहरी प्राविधिक समूहमा देहायका श्रेणीका पदहरूमा देहायका अधिकारीले नियुक्ति गर्नेछन्:–

६.१.१ राजपत्राङ्कित श्रेणीका पदमा– श्री ५ को सरकारले

६.१.२ हवल्दार र प्रहरी जवान बाहेक राजपत्र अनङ्कित श्रेणीका अन्य पदमा– प्रहरी महानिरीक्षकले

६.१.३ हवल्दार र प्रहरी जवानको पदमा– अञ्चल प्रहरी उपरीक्षकले

७. नयाँ नियुक्ति हुन उमेरको हद : कुनै व्यक्ति प्रहरी प्राविधिक समूहमा नयाँ नियुक्ति हुनको लागि छनौट हुने सालको वैशाख १ गते अठार वर्ष उमेर पुगेको र पैंतीस वर्ष ननाघेको हुनु पर्नेछ ।

८. शैक्षिक योग्यता र अनुभव :

८.१ प्रहरी प्राविधिक समूहमा भर्ना हुनको लागि उम्मेदवारले देहायको शैक्षिक योग्यता र अनुभव हासिल गरेको हुनु पर्नेछः–

८.१.१ प्रहरी निरीक्षकको लागि कुनै मान्यता प्राप्त विश्वविद्यालयबाट सम्बन्धित प्राविधिक विषयमा घटीमा स्नातक वा सो सरहको परीक्षा उत्तीर्ण भएको ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८.१.२ प्रहरी नायव निरीक्षकको लागि कुनै मान्यता प्राप्त विश्वविद्यालय वा शिक्षण संस्थाबाट सम्बन्धित विषयमा प्रमाण-पत्र वा सो सरह परीक्षा उत्तीर्ण भएको ।

८.१.३ प्रहरी सहायक निरीक्षकको लागि कुनै मान्यता प्राप्त शिक्षण संस्थाबाट एस. एल. सी. वा सो सरहको परीक्षा उत्तीर्ण गरी कुनै मान्यता प्राप्त संस्थाबाट कम्तिमा ६ महिनासम्मको सम्बन्धित प्राविधिक विषयमा तालीम हासिल गरेको ।

८.१.४ प्रहरी हवल्दार र प्रहरी जवानको लागि प्रहरी प्रधान कार्यालयले तोकेबमोजिमको सम्बन्धित विषयमा प्राविधिक तालीम वा अनुभव हासिल गरेको ।

९. छनौट समितिमा विशेषज्ञ रहने व्यवस्था : प्रहरी प्राविधिक समूहमा नियुक्तिको लागि प्रहरी नियमावली, २०३३ को नियम ३.८ बमोजिम गठन हुने छनौट समितिमा सम्बन्धित विषयको एकजना विशेषज्ञ समेत राख्नु पर्नेछ ।

१०. छनौटसम्बन्धी व्यवस्था :

१०.१ प्रहरी प्राविधिक समूहमा छनौट गर्दा स्वास्थ्य परीक्षामा उत्तीर्ण भएका उम्मेदवारहरूको सम्बन्धित प्राविधिक विषयमा अन्तरवार्ता लिई छनौट गरिनेछ ।

१०.२ कुल रिक्त पदमा पच्चीस प्रतिशत व्यक्तिहरूलाई अन्तरवार्ताको आधारमा योग्यताक्रम अनुसार वैकल्पिक उम्मेदवारको रूपमा राखिनेछ र यस्ता वैकल्पिक उम्मेदवारहरूले एक वर्षसम्म नियुक्ति प्राप्त गर्न नसकेमा त्यस्ता वैकल्पिक उम्मेदवारको नाम योग्यताक्रमको सूचीबाट हटाइनेछ ।

११. तालीम :

११.१ प्रहरी प्राविधिक समूहमा भर्ना हुने उम्मेदवारहरूले प्रहरी प्रधान कार्यालयले तोकेबमोजिमको प्रहरी आधारभूत तालीम लिनु पर्नेछ ।

११.२ प्रहरी नायव उपरीक्षक र सोदेखि मुनिका प्रहरी प्राविधिक कर्मचारीहरूको पदोन्नति एवं स्तर वृद्धिको लागि प्रहरी प्रधान कार्यालयले आवश्यकता अनुसार तालीम तोक्न सक्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१२. अध्ययन बिदाः

१२.१ अध्ययन बिदा बस्ने प्रहरी प्राविधिक कर्मचारीले अध्ययन बिदामा बसुन्जेल पूरा तलब पाउनेछ ।

१२.२ प्रहरी प्राविधिक समूहलाई उपयोगी र आवश्यक पर्ने विषयमा श्री ५ को सरकारको र श्री ५ को सरकारलाई प्राप्त भएको छात्रवृत्तिमा श्री ५ को सरकारको स्वीकृति लिई खुल्ला प्रतियोगिता वा अन्तर विभागीय प्रतियोगितामा छानिई अध्ययन गर्न जाने प्रहरी प्राविधिक कर्मचारीले अध्ययन अवधिभर अध्ययन बिदा पाउन सक्नेछ । तर यस्तो बिदा पाँच वर्षभन्दा बढी हुने छैन ।

१२.३ तीन वर्ष सेवा अवधि नपुगी कुनै पनि प्रहरी प्राविधिक कर्मचारीले अध्ययन बिदा पाउन सक्ने छैन ।

१२.४ आफ्नो विभागको योजना र कार्यक्रमलाई कार्यान्वित गर्नाको निमित्त अत्यावश्यक भएको तालीम प्राप्त गर्नको लागि श्री ५ को सरकारले कुनै खास प्रहरी प्राविधिक कर्मचारीलाई तोकेर खटाएमा त्यस्ता प्रहरी कर्मचारीलाई काजको रूपमा पठाइनेछ र निजलाई पूरा तलब दिइनेछ ।

तर यस व्यवस्था अन्तर्गत खास तालीम बाहेक कुनै प्रहरी प्राविधिक कर्मचारीलाई शैक्षिक डिग्री वा डिप्लोमा हासिल गर्न पठाइने छैन ।

१२.५ प्रहरी प्राविधिक समूहका कर्मचारीले आफ्नो निजी खर्चले आफ्नो सेवासम्बन्धी विषयमा विशेष योग्यता हासिल गर्न जान चाहेमा र निजले हासिल गर्न चाहेको विषयसम्बन्धी अध्ययन स्वदेशमा नहुने भएमा र त्यस्तो विषय सम्बन्धित कार्यालयलाई बढी उपयोगी हुने श्री ५ को सरकारलाई लागेमा त्यस्ता कर्मचारीलाई श्री ५ को सरकारले अध्ययन बिदा पठाउन सक्नेछ ।

१३. करार सेवामा रहन सक्ने :

१३.१ प्रहरी प्राविधिक समूहको लागि आवश्यक पर्ने विशेष क्षमता र योग्यता भएको कुनै व्यक्ति प्रहरी प्राविधिक समूहको लागि आवश्यक छ भन्ने



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

कुरा श्री ५ को सरकारले ठानेमा त्यस्ता व्यक्तिलाई प्रहरी प्राविधिक समूहको राजपत्राङ्कित श्रेणीको कुनै पदमा करार सेवामा नियुक्ति गर्न सक्नेछ ।

१३.२ उप-नियम १३.१ बमोजिम नियुक्ति भएको व्यक्तिलाई करार सेवामा दुई वर्षभन्दा बढी राखिने छैन ।

१३.३ करार सेवामा रहने व्यक्तिले पाउने तलब, भत्ता र अन्य सुविधा श्री ५ को सरकारले तोकेबमोजिम हुनेछ ।

१४. अवकाश :

१४.१ प्रहरी प्राविधिक समूहमा कार्यरत देहायका प्रहरी कर्मचारीहरूले देहायको उमेरको हद पुगेपछि अवकाश पाउनेछन्:–

| | | |
|---|---|---|
| १४.१.१ | प्रहरी नायव महानिरीक्षक | ६० वर्ष |
| १४.१.२ | प्रहरी वरिष्ठ उपरीक्षक र प्रहरी उपरीक्षक | ५८ वर्ष |
| १४.१.३ | प्रहरी नायव उपरीक्षक र प्रहरी निरीक्षक | ५६ वर्ष |
| १४.१.४ | प्रहरी नायव निरीक्षक र प्रहरी सहायक निरीक्षक | ५३ वर्ष |
| १४.१.५ | प्रहरी हवलदार र प्रहरी जवान | ५१ वर्ष |

१५. बचाउ : यस नियमावलीमा लेखिए जति कुरामा यसै नियमावलीबमोजिम र अरूमा प्रचलित प्रहरी नियमावलीबमोजिम हुनेछ ।

अनुसूची
(नियम ३ संग सम्बन्धित)
उप-समूहहरू

१. स्वास्थ्य
२. इन्जिनियरिङ्ग
३. कम्प्युटर
४. सञ्चार
५. छापाखाना
६. फोटोग्राफी
७. फिङ्गरप्रिण्ट

५६



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

८. सवारी

९. आर्मोरर

१०. बैण्ड

११. डग ह्याण्डलर

१२. श्री ५ को सरकारले समय समयमा नेपाल राजपत्रमा सूचना प्रकाशन गरी प्रहरी प्राविधिक समूह अन्तर्गत तोकिदिएका अन्य उप-समूहहरू ।

आज्ञाले,
भक्तबहादुर कोइराला
श्री ५ को सरकारको का. मु. सचिव

श्री ५ को सरकार

## सञ्चार मन्त्रालयको

## सूचना १

श्री ५ को सरकारले स्थानीय प्रशासन ऐन, २०२८ को दफा ११ को उपदफा (१) ले दिएको अधिकार प्रयोग गरी चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ को नियम १० र ११ बमोजिम सम्बन्धित अञ्चलाधीशलाई भएको अधिकारहरू सम्बन्धित प्रमुख जिल्ला अधिकारीले प्रयोग गर्न पाउने गरी प्रदान गरेकोले यो सूचना प्रकाशित गरिएको छ ।

## सूचना २

श्री ५ को सरकारले चलचित्र (निर्माण, प्रदर्शन तथा वितरण) नियमावली, २०४६ को नियम १४ ले दिएको अधिकार प्रयोग गरी सम्बन्धित चलचित्र घरहरूले संचार मन्त्रालयबाट आफ्नो चलचित्र घरको स्तर निर्धारण गराई सो निर्धारण गराएको मितिदेखि लागू गर्न पाउने गरी निम्नबमोजिम प्रवेश शुल्क दर कायम गरेको छ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## श्रेणी र टिकट दर (प्रवेश शुल्क) को फेहरिस्त

### उपत्यका "क" स्तर साधारण शो

| श्रेणी | प्रवेश शुल्क |
|---|---|
| १. ड्रेस सर्कल | ६।५० |
| २. बाल्कोनी | ५।२५ |
| ३. रिअर बाल्कोनी | ४।५० |
| ४. स्पेशल | ४।५० |
| ५. प्रथम | ३।५० |
| ६. द्वितीय | २।२५ |
| ७. तृतीय | ।५० |
| ८. फ्रण्ट स्टल | ।५० |

### उपत्यका "क" स्तर विद्यार्थी सहुलियत शो

| | |
|---|---|
| १. ड्रेस सर्कल | ३।४७ |
| २. बाल्कोनी | २।६० |
| ३. रिअर बाल्कोनी | २।५३ |
| ४. स्पेशल | २।५३ |
| ५. प्रथम | १।९९ |
| ६. द्वितीय | १।३४ |
| ७. तृतीय | ।१३ |
| ८. फ्रण्ट स्टल | ।१३ |

### उपत्यका "ख" स्तर साधारण शो

| | |
|---|---|
| १. ड्रेस सर्कल | ५।५० |
| २. बाल्कोनी | ४।७५ |
| ३. रिअर बाल्कोनी | ४।– |
| ४. स्पेशल | ४।– |
| ५. प्रथम | ३।– |
| ६. द्वितीय | २।२५ |
| ७. तृतीय | ।५० |
| ८. फ्रण्ट स्टल | ।५० |



मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## उपत्यका "ख" स्तर विद्यार्थी सहुलियत शो

| | |
|---|---|
| १. ड्रेस सर्कल | ३।४७ |
| २. बाल्कोनी | २।६० |
| ३. रिअर बाल्कोनी | २।०३ |
| ४. स्पेशल | २।०३ |
| ५. प्रथम | १।४६ |
| ६. द्वितीय | १।३४ |
| ७. तृतीय | ।१३ |
| ८. फ्रण्ट स्टल | ।१३ |

## उपत्यका "ग" स्तर साधारण शो

| | |
|---|---|
| १. ड्रेस सर्कल | ५।– |
| २. बाल्कोनी | ४।२५ |
| ३. रिअर बाल्कोनी | ४।– |
| ४. स्पेशल | ४।– |
| ५. प्रथम | २।५० |
| ६. द्वितीय | १।७५ |
| ७. तृतीय | ।५० |
| ८. फ्रण्ट स्टल | ।५० |

## उपत्यका "ग" स्तर विद्यार्थी सहुलियत शो

| | |
|---|---|
| १. ड्रेस सर्कल | २।६७ |
| २. बाल्कोनी | २।४० |
| ३. रिअर बाल्कोनी | २।०३ |
| ४. स्पेशल | २।०३ |
| ५. प्रथम | १।४६ |
| ६. द्वितीय | ।८४ |
| ७. तृतीय | ।१३ |
| ८. फ्रण्ट स्टल | ।१३ |

## उपत्यका बाहिर "क" स्तर साधारण शो

| | |
|---|---|
| १. ड्रेस सर्कल | ६।६० |
| २. बाल्कोनी | ५।१० |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | |
|---|---|
| ३. रिअर बाल्कोनी | ४।६० |
| ४. स्पेशल | ४।६० |
| ५. प्रथम | ३।६० |
| ६. द्वितीय | २।६० |
| ७. तृतीय | १।६० |
| ८. फ्रण्ट स्टल | १।६० |

**उपत्यका बाहिर "क" स्तर विद्यार्थी सहुलियत शो**

| | |
|---|---|
| १. ड्रेस सर्कल | ३।४७ |
| २. बाल्कोनी | ३।०२ |
| ३. रिअर बाल्कोनी | २।४२ |
| ४. स्पेशल | २।४२ |
| ५. प्रथम | १।७६ |
| ६. द्वितीय | १।५७ |
| ७. तृतीय | १।२० |
| ८. फ्रण्ट स्टल | १।२० |

**उपत्यका बाहिर "ख" स्तर साधारण शो**

| | |
|---|---|
| १. ड्रेस सर्कल | ५।६० |
| २. बाल्कोनी | ४।६० |
| ३. रिअर बाल्कोनी | ४।१० |
| ४. स्पेशल | ४।१० |
| ५. प्रथम | ३।१० |
| ६. द्वितीय | २।१० |
| ७. तृतीय | १।६० |
| ८. फ्रण्ट स्टल | १।६० |

**उपत्यका बाहिर "ख" स्तर विद्यार्थी सहुलियत शो**

| | |
|---|---|
| १. ड्रेस सर्कल | ३।४७ |
| २. बाल्कोनी | २।५२ |
| ३. रिअर बाल्कोनी | २।४२ |
| ४. स्पेशल | २।४२ |
| ५. प्रथम | १।७६ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | |
|---|---|---|
| ६. | द्वितीय | १।०७ |
| ७. | तृतीय | ।२० |
| ८. | फ्रण्ट स्टल | ।२० |

उपत्यका बाहिर "ग" स्तर साधारण शो

| | | |
|---|---|---|
| १. | ड्रेस सर्कल | ५।१० |
| २. | बाल्कोनी | ४।१० |
| ३. | रिअर बाल्कोनी | ३।६० |
| ४. | स्पेशल | ३।६० |
| ५. | प्रथम | २।६० |
| ६. | द्वितीय | २।१० |
| ७. | तृतीय | ।६० |
| ८. | फ्रण्ट स्टल | ।६० |

उपत्यका बाहिर "ग" स्तर विद्यार्थी सहुलियत शो

| | | |
|---|---|---|
| १. | ड्रेस सर्कल | २।६७ |
| २. | बाल्कोनी | २।५२ |
| ३. | रिअर बाल्कोनी | १।६२ |
| ४. | स्पेशल | १।६२ |
| ५. | प्रथम | १।२६ |
| ६. | द्वितीय | १।०७ |
| ७. | तृतीय | ।२० |
| ८. | फ्रण्ट स्टल | ।२० |

द्रष्टव्यः– उपर्युक्त टिकट दर (प्रवेश शुल्क) मा प्रचलित नेपाल कानूनबमोजिम मनोरञ्जन कर छुट्टै लाग्नेछ ।

आज्ञाले,
विष्णुप्रताप शाह
श्री ५ को सरकारको सचिव

९०९



मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।